फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

नीति विश्लेषण शाखा

लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

**मितिः-२०७७/२/१८**

**विषयः आर्थिक विधेयक,२०७७ तथा नियमावलीहरुमा भएका संशोधनको जानकारी सम्बन्धमा ।**

आर्थिक विधेयक, २०७७ द्वारा मूल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८, अन्तशुल्क ऐन, २०५८ मा गरेका मुलभूत संशोधनहरु र सम्बन्धित नियमावलीहरुमा भएका संशोधनहरु देहाय बमोजिम रहेका व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।साथै यस सम्बन्धी पूर्ण विषयवस्तुको जानकारी आर्थिक विधेयक, २०७७ तथा सम्बन्धित नियमावलीबाट लिनु हुन अनुरोध गरिन्छ ।

## आर्थिक विधेयक तर्फः

### १. स्वास्थ्य जोखिम कर (दफा ७)

बिंडीमा प्रति खिल्ली पच्चीस पैसा, चुरोट र सिगारमा प्रति खिल्ली पचास पैसा र खाने सूर्ति, खैनी, गुट्खा, पानमसलामा प्रति किलोग्राम चालीस रुपैयाँ लाग्ने व्यवस्था गरिएको।

### २. दूरसञ्चार सेवा दस्तुर (दफा १५)

फिक्स्ड ब्रोडव्याण्ड सेवा शुल्कको पचास प्रतिशतसम्मको मर्मत सम्भार शुल्कमा दूरसञ्चार सेवा दस्तुर नलाग्ने।

### ३. करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिन्हा हुने (दफा २०)

कुनै पनि व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यसता व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को बुझाउनुपर्ने आय विवरण र सोमा लाग्ने कर सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने ।

### ४. आय विवरण पेश गरेमा शुल्क, ब्याज तथा जरिबाना मिन्हा हुने (दफा २१)

४४१५८०२
फोन नं.　४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन　२२०, २१७
फ्याक्स नं. ४४११७८८
Website:　www.ird.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग
नीति विश्लेषण शाखा

प.स.:२०७६/७७
च.नं.:

लाजिम्पाट, काठमाण्डौं

**क.** स्थायी लेखा नम्बर लिई आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैंयाँसम्मको कारोबार गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने र त्यस्तो आयमा लाग्ने कर, शुल्क तथा बाँकी ब्याज मिन्हा हुने ।

**ख.** स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७३/७४ वा सो भन्दा अघिको आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैंयाँभन्दा बढीको कारोबार गर्ने प्राकृतिक व्यक्ति वा निकायले आय विवरण, सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिन्हा हुने ।

## ५. कर विवरण पेश गरेमा थप दस्तुर, ब्याज तथा जरिबाना मिन्हा हुनेः (दफा २१)

- सम्वत् २०७५ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले बुझाउनुपर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिबाना, थप दस्तुर तथा बाँकी ब्याज मिन्हा हुने ।
- उल्लिखित अवधिभित्र मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातामध्ये सम्वत् २०७३ साल असारसम्मको कर विवरण पेश नगर्ने करदाताको दर्ता स्वतः खारेज हुने ।
- दर्ता खारेज भएका करदाताले पेश गर्नुपर्ने कर विवरण ढिला पेश गरेको वा कर विवरण पेश नगरेको कारणले लाग्ने जरिबाना मिन्हा हुने ।
- दर्ता खारेज भएका करदाताले पेश गर्नुपर्ने कर विवरण ढिला पेश गरेको वा कर विवरण पेश नगरेको कारणले जरिबाना मिन्हा भएका बाहेक अन्य कर बक्यौता रहेका करदाताको त्यस्तो बक्यौता रकमको अभिलेख कायम गरी असुल गरिने ।

## ६. खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई लाग्ने कर, शुल्क तथा ब्याज मिन्हा सम्बन्धी विशेष व्यवस्था (दफा २२)

नेपाल सरकार
अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

नीति विश्लेषण शाखा

फोन नं. ४४१५८०२
४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको आर्थिक वर्ष २०७५/७६ सम्मको कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बक्यौता रहेको कर, शुल्क तथा ब्याज र आर्थिक वर्ष २०७६/७७ र सोभन्दा अघिका आय वर्षहरुमा संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमध्ये तिर्न बाँकी कर, शुल्क तथा ब्याज मिन्हा हुने ।

**७. बक्यौता कर मिन्हा सम्बन्धी विशेष व्यवस्था : (दफा २३)**

आयकर ऐन, २०३१ बमोजिम लगत कायम भई असुल हुन नसकेको आयकर बक्यौता र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्री कर ऐन बमोजिम सम्वत् २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल हुन नसकेका बक्यौता करमध्ये प्रति लगत पचास हजार रुपैंयाँसम्मको बक्यौता कर र सोमा लागेको ब्याज मिन्हा गरिएको।

**८. शुल्क, थप दस्तुर तथा जरिबाना मिन्हा सम्बन्धी विशेष व्यवस्था (दफा २४)**

आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तशुल्क ऐन, २०५८ बमोजिम सम्वत् २०७५ साल असार मसान्तभित्र भएको कर निर्धारण वा अन्तशुल्क निर्धारण (झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारण बाहेक) उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधिन रहेको वा विभागको निर्णयमा चित्त नबुझाई राजस्व न्यायाधिकरण वा अदालतमा पुनरावेदनमा गई विचाराधिन रहेका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क बापतको कर रकम र सोमा लागेको ब्याज सम्वत् २०७७ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लागेको शुल्क, थप दस्तुर तथा जरिबाना मिन्हा दिइने ।

**९. कोभिड-१९ को सक्रमणबाट प्रभावित कारोबारमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था (दफा २५)**

- वार्षिक बीस लाख रुपैंयाँसम्मको कारोबार वा दुई लाखसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७६/७७ मा लाग्ने करमा पचहत्तर प्रतिशत छुट हुने (डे०१ आय विवरण) ।

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np



लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

- आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने वार्षिक बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७६/७७ मा लाग्ने करमा पचास प्रतिशत छुट हुने (डे०२ आय विवरण)।
- वार्षिक एक करोड रुपैयाँसम्मको कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७६/७७ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा पच्चीस प्रतिशतले छुट हुने (डे०३ आय विवरण)।
- होटल, ट्राभल, ट्रेकिङ्ग, यातायात वा हवाई सेवाको वार्षिक एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई आय वर्ष २०७६/७७ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा बीस प्रतिशतले छुट हुने (डे०३ आय विवरण)।

**१०. नेपाल सरकार, प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको खर्च सम्बन्धी विशेष व्यवस्था (दफा २६)**

कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने ।

**११. स्थायी लेखा नम्बर नलिएका कामदारलाई वितरण गरेको ज्याला खर्च सम्बन्धी विशेष व्यवस्था (दफा २७)**

आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (१) को खण्ड (घ१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि पटके प्रकृतिको तीन हजार रुपैयाँसम्मको ज्याला भुक्तानी गर्दा भुक्तानी प्राप्त गर्ने प्राकृतिक व्यक्तिले स्थायी लेखा नम्बर नलिएको भए तापनि त्यस्तो खर्च कट्टी गर्न पाउने ।

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
नीति विश्लेषण शाखा

लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

**१२. स्थायी लेखा नम्बर उल्लेख नभएको बीजक बापतको खर्च सम्बन्धी विशेष व्यवस्था (दफा २८)**

आयकर ऐन, २०५८ को दफा २१ को उपदफा (१) को खण्ड (घ२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा कुनै व्यवसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनको लागि व्यावसायिक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरिद तथा स्थायी लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैयाँसम्मको बीजक बापतको खर्च कट्टी गर्न पाउने ।

**१३. दम्पत्तिले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गरेको आय सम्बन्धी विशेष व्यवस्था (दफा २९)**

आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा १ को उपदफा (२) को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७६/७७ मा ऐजन ऐनको दफा ५० बमोजिम छुनौट गर्ने कुनै दम्पत्तिले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गरेकोमा त्यस्तो आयमा उपदफा (२) को खण्ड (क) बमोजिमको कर नलाग्ने ।

**१४. सामाजिक सुरक्षा कोषमा योगदान बापतको रकम हस्तान्तरण सम्बन्धी विशेष व्यवस्था (दफा ३०)**

योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा सहभागी भएको वा हुन चाहने कुनै पनि योगदानकर्ताले स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम सम्वत् २०७७ साल चैत्र मसान्तभित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा त्यसरी हस्तान्तरण गरिएको रकममा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम अवकाश भुक्तानी बापत कर कट्टी गर्नु नपर्ने ।

**१५. ह्रासयोग्य सम्पत्तिमा एकतिहाइले थप पाउने ह्रास खर्च सम्बन्धी विशेष व्यवस्था (दफा ३१)**

आयकर ऐन, २०५८ को अनुसूची-२ को दफा ३ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०७६/७७ मा कुनै निकाय वर्षभरि पूर्णरुपले ऐनको दफा ११ मा उल्लिखित विशेष उद्योग सञ्चालनमा रहेको भएमा वा कुनै निकायले सडक, पुल, टनेल,रोपवे, रेल्वे वा

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np



लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

आकासे पुल निर्माण गरी सञ्चालन गरेको वा ट्राम वा ट्रलिबस सञ्चालन गरेको भएमा त्यस्ता निकायले सो आर्थिक वर्षमा सो अनुसूचीको दफा १ मा उल्लेख भएका वर्ग "क", "ख", "ग" र "घ" मा उल्लिखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रासकट्टीको दरमा एकतिहाइले थप पाउने।

## मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधनः-

**१. अनिवार्य दर्ता हुनुपर्ने कारोबारमा संशोधनः**

- दफा १० को उपदफा (२) को खण्ड (क) मा रहेको कवाडी तथा पत्रुको व्यवसाय र खण्ड (ख) मा रहेको कानुनी र सुटिङ्ग सर्टिङ्गको सामान सहितको टेलरिङ्ग व्यवसायको कारोबार गर्नेहरु अनिवार्य मूल्य अभिवृद्धि करमा दर्ता हुनु पर्ने कारोबारबाट हटाइएको।
- दफा १० को उपदफा (२) को खण्ड (ख) मा रहेको नगरपालिका क्षेत्रलाई अनिवार्य दर्ता हुनु पर्ने क्षेत्रबाट हटाइएको।

**२. कर फिर्ता हुन सक्ने व्यवस्था थप भएकोः (दफा २५(१)(क२) थप)**

संयुक्त राष्ट्र संघ, यसका सदस्य संस्था एवं विशिष्टीकृत एजेन्सीले आफ्नो उद्देश्य अनुरुप कार्य सञ्चालन गर्ने सिलसिलामा नेपालभित्र कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको करको रकम फिर्ता दिइने ।

**३. ठेक्का वा करार अन्तर्गत बढी भुक्तानी भएको कर फिर्ता हुनेः ( दफा २५ग१. थप)**

सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिमको सार्वजनिक निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्घ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजको नामबाट दाखिल भएको कर बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउने । साथै लगातार चार महिनासम्म मिलान गर्दा मिलान हुन नसकी बढी दाखिल भएको त्यस्तो रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले फिर्ता लिन चाहेमा कर अधिकृत समक्ष निवेदन दिन सक्ने ।

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np



लाजिम्पाट, काठमाण्डौं



**४. औषधि उद्योगले खरिदमा तिरेको कर फिर्ता हुनेः ( दफा २५ग२. थप)**

औषधि उद्योगले औषधि उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियल स्वदेशी उद्योगबाट खरिद गरेमा उक्त खरिदमा तिरेको कर चौमासिकरुपमा फिर्ता पाउन कर अधिकृत समक्ष निवेदन दिन सक्ने ।

**५. दण्ड सजायमा संशोधन सम्बन्धमाः ( दफा २९(१)(क)**

दफा २९ को उपदफा (१) को खण्ड (क) मा रहेका "प्रत्येक कर अवधिको निमित्त दश हजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "प्रत्येक पटक बीस हजार रुपैयाँ" भन्ने शब्दहरु राखी संशोधन भएको।

**६. दण्ड सजाय थपः दफा २९(१घ) थप**

दर्ता हुनुपर्ने दायित्व भएका व्यक्तिले दर्ता नगरी कारोबार गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको पचास प्रतिशतले हुन आउने रकम जरिबाना गर्न सक्ने ।

**७. अनुसूची-१ मा देहाय बमोजिम संशोधन भएको ।**

(१) समूह १ को द्रष्टब्यमा सोयाबडी मस्यौरा थप गरिएको ।

(२) समूह ५ को द्रष्टब्यको

- बुँदा नं. (५) को सट्टा देहायको बुँदा नं. (५) राखिएको ।

  औषधि उद्योग आफैंले पैठारी गर्ने भन्सार दरबन्दीको भाग २८, २९ र ३८ मा पर्ने औषधि तथा इन्ट्रा ओकुलर लेन्स (आइ.ओ.एल.) उत्पादनमा प्रयोग गर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ।

- बुँदा नं. ११. "स्वास्थ्य मन्त्रालयको नाममा वा मन्त्रालयले तोकेको स्वास्थ्य संस्था वा निकायलाई सहयोग स्वरुप हस्तान्तरण गर्ने शर्तमा विभिन्न संघ संस्था निकाय वा व्यक्तिले पैठारी गर्ने कोविड-१९ संक्रमणको रोकथाम, नियन्त्रण र

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
नीति विश्लेषण शाखा

लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

उपचारका लागि आवश्यक पर्ने औषधि, मेडिकल तथा सर्जिकल काममा प्रयोग हुने वस्तु (पी.पी.ई.) भाइरल ट्रान्सपोर्ट मिडिया, उपशीर्षक पि.सि.आर. टेष्ट किट, आर.डि.टी. टेष्ट किट, पि.सि.आर. रिएजेन्ट र एक्सट्राक्सन किट्स, सर्जिकल ग्लोभ्स, फेस मास्क, अटोक्लेभ मेशिन, डिजिटल इन्फ्रारेड थर्मोमिटर (थर्मल गन), भेन्टिलेटर, पोर्टेवल पि.सि.आर. मेशिन र प्रोटेक्टिभ गगल्स" थप गरिएको।

- समूह ११ को खण्ड (अ) मा फेस मास्क बनाउने मेशिन र शवदाह मेशिन थप गरिएको ।
- समूह ११ को खण्ड (आ) को
    - बुँदा नं. ४ मा लघु बीमा थप गरिएको ।
    - बुँदा नं. १२ को सट्टा देहायको बुँदा नं. १२ राखिएको ।

      जलविद्युत उत्पादन, प्रसारण र वितरण आयोजनाको लागि आवश्यक पर्ने निर्माण उपकरण, मेशिनरी औजार र सोसँग सम्बन्धित पार्टपूर्जा लगानी बोर्डको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो बोर्डको, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइने।
    - बुँदा नं. १६ को अन्त्यमा देहायको वाक्य थपिएको ।

      दश वर्ष नपुगी नामसारी, बिक्री वा कुनै किसिमले हक हस्तान्तरण गरेमा प्रचलित कानुन बमोजिम पूरै मूल्य अभिवृद्धि कर लाग्ने।

**८. अनुसूची-२ मा देहाय बमोजिम संशोधन भएको ।**

- दफा ६ झिकिएको (वन तथा वातावरण मन्त्रालयको सिफारिसमा स्वदेशी उद्योगबाट उत्पादन हुने विद्युतीय सवारीमा प्रयोग हुने डिप साइकल लिड एसिड ब्याट्रीहरु) ।

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np







- दफा १० पछि देहायको दफा ११ थपिएको ।

  नेपाल सरकार, अर्थ मन्त्रालयबाट कर छुटको सहमति लिई सम्पन्न भएको द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम नेपालमा आयोजना सञ्चालन गर्ने सिलसिलामा आवश्यक पर्ने स्वीकृत माष्टर लिष्ट बमोजिमका मेशिनरी, उपकरण र निर्माण सामग्री स्वदेशी उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट सम्बन्धित आयोजनामा सोझै वा सो आयोजनाका ठेकेदारमार्फत आपूर्ति गर्ने भएमा त्यस्तो आपूर्तिमा विभागले तोकेको प्रक्रिया बमोजिम त्यस्तो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिने।

**<u>अन्तःशुल्क ऐन, २०५८ मा संशोधनः-</u>**

१. दफा २ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको "अन्तःशुल्क टिकट" भन्नाले अन्तःशुल्क लाग्ने वस्तुमा विभागले तोकेको ढाँचामा प्रयोग हुने सुरक्षण चिन्ह अंकित टिकट सम्झनु पर्छ र सो शब्दले विद्युतीय माध्यमबाट प्रदान गरिने सुरक्षण अंकित चिन्ह वा विभागले तोकेको अन्य कुनै संकेत चिन्हलाई समेत जनाउँने।"

२. दफा ४ङ मा रहेको मूल्य अभिवृद्धि करमा दर्ता भएका बाहेक अन्य विक्रेतालाई भन्ने शब्द झिकिएको ।

३. दफा ९ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको

   "स्वयं निष्कासन प्रणाली लागू हुने सूर्तिजन्य वस्तु बाहेकका अन्य वस्तुको लागि दिइएको इजाजतपत्र नवीकरण गर्नुपर्ने छैन।"

४. दफा १६ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको " यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा विभागले तोकेको शर्त विपरित हुने गरी मदिराको उत्पादन, बोतलबन्दी तथा बिक्री वितरण गरेमा।"

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
नीति विश्लेषण शाखा

प.स.:२०७६/७७
च.नं.:

लाजिम्पाट, काठमाण्डौं

**५.** उपदफा (४) को खण्ड (थ) झिकिएको र खण्ड (ध) पछि देहायको खण्ड (ध१) थपिएको "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम दिइएको स्वीकृति विपरित स्प्रिट तथा इथानोल प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको स्प्रिटबाट उत्पादन हुनसक्ने मदिराको उच्चतम् दरबन्दी अनुसार लाग्ने अन्तःशुल्क बराबरको रकम।"

## आयकर ऐन, २०५८ मा संशोधनः-

१. जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकममा कर छुट हुने । **दफा १०(ट) थप**

२. **दफा ११ मा संशोधनः**

- उपदफा (२) मा रहेका "वित्तीय कारोबार गर्ने" भन्ने शब्दहरु झिकिएका छन्।
- उपदफा (३घ) मा रहेका "अनुमति प्राप्त व्यक्ति वा निकायले" भन्ने शब्दहरु पछि "जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको मितिले" भन्ने शब्दहरु थपिएका छन्।
- उपदफा **(३च) मा संशोधन**

  कुनै निकायले देहाय बमोजिमको कार्य गरी सोबाट प्राप्त आयमा व्यापारिक कारोबार सञ्चालन गरेको मितिले दश वर्षसम्म लाग्ने करमा देहाय बमोजिम छुट हुने ।

  (क) ट्राम वा ट्रलि बस सञ्चालन गरेमा चालीस प्रतिशत,
  (ख) रोपवे, केवलकार, आकासे पुल निर्माण गरी सञ्चालन गरेमा चालीस प्रतिशत,
  (ग) सडक, पुल, सुरुङ्गमार्ग, टनेल,रेल्वे, विमानस्थल निर्माण गरी सञ्चालन गरेमा पचास प्रतिशत।

- **उपदफा (३ज) मा संशोधन**

  अति अविकसित क्षेत्र र अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योगलाई कारोबार सुरु गरेको मितिले दश बर्षसम्म क्रमशः चालीस र पच्चीस प्रतिशत आयकर छुट हुने ।

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np



लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

- उपदफा (३त) मा रहेका "पाँच वर्षसम्म" भन्ने शब्दहरुको सट्टा "सात वर्षसम्म" र सोही उपदफामा रहेका "दुई वर्ष" भन्ने शब्दहरुको सट्टा "तीन वर्ष" भन्ने शब्दहरु राखिएका छन्।
- **उपदफा (३द) थप**

  औद्योगिक क्षेत्र वा औद्योगिक ग्राममा स्थापना भई सञ्चालन भएका विशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरमा पच्चीस प्रतिशत छुट हुने ।

**३. दफा २१ को उपदफा (१) को खण्ड (घ१) मा संशोधन**

पटके प्रकृतिको तीन हजार रुपैयाँसम्मको ज्याला भुक्तानी बाहेक स्थायी लेखा नम्बर नलिएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च ।

**४. दफा २१ को उपदफा (१) को खण्ड (घ२) मा संशोधन**

स्थायी लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैयाँभन्दा बढीको बीजक बापतको खर्च ।तर व्यावसायिक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरिदमा बिक्रेताले स्थायी लेखा नम्बर लिएको रहेनछ भने पनि त्यस्तो खरिद खर्च मान्य हुने ।

**५. स्थायी लेखा नम्बर स्थगन गर्ने सम्बन्धमा (दफा ७८क. थप)**

विभागले देहायको कुनै अवस्थामा स्थायी लेखा नम्बर स्थगन गर्न सक्नेः-

(क) कारोबार गर्न छाडेमा,

(ख) निकायको हकमा निकाय बन्द, बिक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्तो निकायको अस्तित्व कायम नरहेमा,

(ग) व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमा,

(घ) भुलवश दर्ता भएकोमा।

**६. दफा ७९ को उपदफा (१) को खण्ड (ख) मा संशोधन**

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np



लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

व्यक्तिगत रुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको ।

**७. दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक बाक्यांशको खण्ड (८) मा संशोधन**

ढुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकममा दुई दशमलव पाँच प्रतिशतका दरले अग्रिम कर कट्टी हुने ।तर मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकममा एक दशमलव पाँच प्रतिशतले कर कट्टी गर्नुपर्ने ।

**८. दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक बाक्यांशको खण्ड (९) थप**

बासिन्दा बैंङ्क तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंङ्कले तोकेको क्षेत्रमा लगानी गर्न विदेशी बैंङ्कबाट विदेशी मुद्रामा लिएको ऋण बापतको ब्याज भुक्तानी गर्दा दश प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने ।

**९. दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक बाक्यांशको खण्ड (१०) थप**

उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानुन बमोजिम भुक्तानी कार्ड, इ-मनी (वालेट), मोवाइल बैंकिङ्ग जस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी गरे बापत प्रदान गरिने प्रोत्साहन रकममा कर कट्टी गर्नु नपर्ने ।

**१०. दफा ९५क. को उपदफा (६) पछि देहायको उपदफा (६क) थप**

विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई भाषा परीक्षा तथा मानकीकृत परीक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बासिन्दा बैंङ्क वा वित्तीय संस्थाले त्यस्तो परीक्षा शुल्क बापतको रकममा विदेशी मुद्राको सटही सुविधा दिएको बखत पन्ध्र प्रतिशतका दरले अग्रिम कर असुल गर्नुपर्ने ।

**११. अनुसूची-१ को दफा १ मा संशोधनः**

- दफा १ को उपदफा (२) को खण्ड (ङ) को प्रतिबन्धात्मक बाक्यांशमा रहेका "निवृत्तभरण बापतको आय र योगदानमा आधारित निवृत्तभरण कोषमा" भन्ने शब्दहरुको सट्टा "निवृत्तभरण बापतको आय, निवृत्तभरण कोष र योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा" भन्ने शब्दहरु राखिएका छन्।

- दफा १ को उपदफा (९) झिकिएको छ।

**१२. अनुसूची-१ को दफा २ को उपदफा (३) मा संशोधन**

सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्ने ।

(क) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा पाँच प्रतिशत,

(ख) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा सात प्रतिशत,

(ग) महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा दश प्रतिशत।

**१३. अनुसूची-२ को दफा ३ को उपदफा (२) मा संशोधन**

यस ऐनको दफा १९ को उपदफा (२) मा उल्लेख गरिएका आयोजनाहरुले र ऐनको दफा ११ को उपदफा (२ख), (३च), (३थ) र अनुसूची-१ को दफा २ को उपदफा (३) मा उल्लेख गरिएका निकायले यस अनुसूचीको उपदफा (१) मा उल्लेख गरेका वर्ग "क", "ख", "ग" र "घ" मा उल्लिखित ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रासकट्टीको दरमा एक तिहाइले थप पाउने।

**चलचित्र विकास शुल्क (अनुसूची ४)**

१. चलचित्र घरले विद्युतीय प्रणाली (ई टिकेटिङ्ग सिष्टम) बाट टिकट जारी गरी २०७७ पौष मसान्तभित्र केन्द्रीय चलचित्र व्यवस्थापन प्रणाली (सेन्ट्रल सिनेमा म्यानेजमेन्ट) को सर्भरसँग लिङ्क गर्नुपर्ने ।

**मूल्य अभिबृद्धि कर (बाइसौं संशोधन) नियमावली, २०७७**

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
नीति विश्लेषण शाखा

लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

**१. बायोमेट्रिक प्रणालीमा अभिलेख अद्यावधिक गर्ने अवधिमा संशोधनः (नियम ७ख.)**

दर्ता भएका व्यक्तिले आफ्नो अभिलेख सम्वत् २०७८ साल असार मसान्तभित्र ऐनको दफा १०ग. बमोजिम बायोमेट्रिक प्रणालीमा अद्यावधिक गराउनु पर्ने ।

**२. कर विवरण पेश गर्नुपर्ने अवधिमा संशोधन (नियम २६)**

छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह, होटल, पर्यटन, चलचित्र घर तथा ढुवानी व्यवसायीले कर विवरण पेश गर्ने अवधि चौमासिक कायम गरिएको ।

**३. कर फिर्ताको अवधि र निवेदनको ढाँचा तोकिएकोः**

- ठेक्का वा करार अन्तर्गत बढी भुक्तानी भएको कर फिर्ता (दफा २५ग१.) को हकमा साठी दिनभित्र र औषधि उद्योगले खरिदमा तिरेको कर फिर्ता (दफा २५ग२.) को हकमा तीस दिनभित्र फिर्ता दिनु पर्ने।
- संयुक्त राष्ट्र संघका सदस्य संस्थाले कर फिर्ता माँग गर्ने निवेदनको ढाँचा (अनुसूची-१७क.), औषधि उद्योगले कर फिर्ता माँग गर्ने निवेदनको ढाँचा (अनुसूची-१८क.) तोकिएको ।

## आयकर (एघारौं संशोधन) नियमावली, २०७७

**१. स्थायी लेखा नम्बर स्थगनको प्रक्रिया तोकिएको (नियम २३क. थप)**

(१) ऐनको दफा ७८क. को उपदफा (१) बमोजिम स्थायी लेखा नम्बर स्थगन गर्न चाहने व्यक्ति वा निकायले आफूले लिएको स्थायी लेखा नम्बर स्थगन गर्नुपर्ने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र कारण खुलाई विभाग समक्ष निवेदन दिनु पर्ने ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा सो अवधिसम्मको आय विवरण तथा कर दाखिला गरेको हुनु पर्ने ।

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
नीति विश्लेषण शाखा

लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा विभागले निवेदन पेश गरेको मितिले तीस दिनभित्र स्थगन भएको वा स्थगन नहुने भए सोको जानकारी दिनु पर्ने ।

**२. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि लिने प्रक्रिया तोकिएको (नियम २३ख. थप)**

(१) नियम २३ बमोजिम स्थायी लेखा नम्बरको प्रमाणपत्र लिएको कुनै व्यक्तिले स्थायी लेखा नम्बर प्रमाणपत्र हराएमा वा अन्य कुनै किसिमबाट नासिएमा त्यस्तो प्रमाणपत्रको प्रतिलिपि लिनको लागि विभागमा दरखास्त दिनु पर्ने।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएको मितिले तीन दिनभित्र विभागले निवेदकलाई स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि प्रदान गर्नुपर्ने ।

## अन्तःशुल्क (एक्काइसौं संशोधन) नियमावली, २०७७

**१. अन्तःशुल्क विवरण परिमार्जन तथा थपः**

सूर्तिजन्य पदार्थ बाहेक स्वयं निष्काशन प्रणाली अन्तर्गतका प्रतिष्ठानले अनुसूची-४ङ. बमोजिमको ढाँचामा र सूर्तिजन्य पदार्थ र भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानले अनुसूची-४च. बमोजिमको ढाँचा तोकिएको ।

**२. पुरानो तयारी मदिराको पुनः प्रशोधन गर्न स्वीकृति लिनु पर्नेः** (नियम २३ख. थप)

बिक्री वितरण गरी फिर्ता आएको वा बिक्री नभई गोदाममा रहेका पुरानो तयारी मदिरालाई पुनः प्रशोधन गरी मदिरा उत्पादन गर्न चाहने इजाजतपत्रवालाले विभागको पूर्व स्वीकृति लिई मदिराको पुनः प्रशोधन गर्न सक्ने।

**३. वीयर मौज्दात कमीको मिन्हा (नियम २३क.)** मा रहेको फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतल बन्दी भए पछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशत सम्म मिन्हा दिने व्यवस्था हटाइएको ।

४४१५८०२
फोन नं. ४४१५८०३
४४१९७१९
४४१४५६४
एक्सटेन्सन २२०, २१७
फ्याक्स नं. ४४११७८८
Website: www.ird.gov.np

नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभाग
नीति विश्लेषण शाखा

लाजिम्पाट, काठमाण्डौं

प.स.:२०७६/७७
च.नं.:

४. नियम ३० को उपनियम (२) मा रहेको त्यसरी बोतलबन्दी गरेपछि प्रतिष्ठानले प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी कार्टुनमा राखी गोदाममा भण्डारण गर्नु पर्नेछ भन्ने शब्दहरुको सट्टा त्यसरी बोतलबन्दी गरेपछि विभागले तोकेबमोजिम प्रतिष्ठानले प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी वा कार्टुनमा अन्तःशुल्क टिकट टाँसी गोदाममा भण्डारण गर्नु पर्नेछ भन्ने व्यवस्था राखिएको ।

५. अनुसूची-२ मा यस अनुसूची बमोजिमको दस्तुर औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० मा उल्लेख भएका अति अविकसित क्षेत्रका फलफूलमा आधारित वाइन एवं मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम दस्तुर लाग्ने भन्ने व्यवस्था सि.नं.५ थप गरिएको ।